**नेपालको संविधान २०७२ को दफा २७ र**

**सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५(३) र**

**सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम**

**सार्वजनिक गरिएको विवरण**

# *स्वतः प्रकाशन २०८३*

# *श्रावण*

**आ. ब. २०८२।८३ को वार्षिक तथा चौथो त्रैमासिक सम्ममा सम्पादित**

**मुख्य क्रियाकलापको विवरण**

सडक डिभिजन चन्द्रनिगाहपुर

रौतहट

**नेपालको संविधान २०७२ को दफा २७ रसूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५(३) रसूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ अनुसार सडक डिभिजन चन्द्रनिगाहपुरको देहाय बमोजिम सूचना स्वतः प्रकाशन (Proactive Disclosure) गरिएको छ ।**

१ **निकायको स्वरुप र प्रकृतिः** नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाण्डौ अन्तर्गत रौतहट जिल्लाको चन्द्रनिगाहपुरमा अवस्थित सडक डिभिजन चन्द्रनिगाहपुरको स्थापना मिति २०७१।०६।१३ मा भएको हो । सर्लाही र रौतहट जिल्लाभित्रको राष्ट्रिय राजमार्गहरु/सहायक राजमार्गहरुको निर्माण तथा मर्मत कार्य गरी निर्वाद्ध रुपमा यातायात संचालन गराउने उद्देश्यले स्थापना भएको यस कार्यालयलाई नेपाल सरकारबाट निर्दिष्ट भएको सर्लाही र रौतहट जिल्ला अन्तर्गतकोअन्य सडक र पूल निर्माण गर्ने जिम्मेवारी समेत रहेको छ । यस कार्यालय स्थापनाकाल भन्दा अगाडि सर्लाही जिल्ला अन्तर्गतको राष्ट्रिय राजमार्ग लगायत अन्य निर्माण तथा मर्मतको जिम्मेवारी सडक डिभिजन जनकपुर मुजेलियालाई रहेको थियो भने रौतहट जिल्ला अन्तर्गतको राष्ट्रिय राजमार्ग लगायत अन्य जिम्मेवारी सडक डिभिजन हेटौडालाई रहेको थियो ।


यस डिभिजनको कार्य उद्देश्य सर्लाही र रौतहट जिल्लामा निर्मित राष्ट्रिय राजमार्ग तथा पुलहरुको

नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत तथा राजमार्गहरुको स्तरोन्नति तथा पुनर्स्थापना गर्ने कार्यसँग सम्बन्धित रहेको छ । साथै सालबसाली रुपमा विनियोजन बजेट प्राप्त हुने स्थानीय सडक तथा पुलहरुको निर्माण /मर्मत सम्भारसमेत यस डिभिजनबाट गरिदैं आइरहेको छ ।

नेपालको संविधानको अनुसूची ५ को बुंदा नं २० मा "राष्ट्रिय यातायात नीति रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन" गर्ने कार्य संघको एकल अधिकार सूचीमा रहेको छ । साथै नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७६।०२।०६ को निर्णयानुसार राष्ट्रिय लोकमार्गहरुको सूची अद्यावधिक गरी संघको कार्यसूचीमा सूचीकृत गरिएको हुँदा पूर्व पश्चिम राजमार्गको बाँके खोलापुल (चेनेज २८२+०००) सर्लाही देखि रौतहट जिल्लाको सिमाना धन्सार खोला पुल (चेनेज ३३९+५००)सम्म (NH01), हुलाकी राजमार्गको दुर्गा भगवतीगा.पा.-५ बडहर्वा बागमती नदी पुल (चेनेज ३०५+०६०) देखि रौतहटको अरुवा खोला पुल (चेनेज ३२४+१७०) सम्म (NH05), पूर्व पश्चिम राजमार्गको चन्द्रपुर(चेनेज ०+०००) देखि रौतहट जिल्लाको सदरमुकाम गौर भारतीय सीमा (चेनेज ४५+४४०) सम्म सडक (NH 36), पूर्व पश्चिम राजमार्गको नवलपुर (चेनेज०+०००) देखि सर्लाही जिल्लाको सदरमुकाम मलंगवा भारतीय सीमा (चेनेज २९+१९०) सम्म सडक (NH32) र पूर्व पश्चिम

राजमार्गको नयाँरोड (चेनेज ०+०००) देखि सर्लाही जिल्लाको बरहथवा मधुवनी (चेनेज ४२+०००) सम्म सडक (F117) मा केन्द्रित रहेको छ ।

(सर्लाही र रौतहट जिल्लाको नक्शा)




निकायको स्वरुप

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग अन्तर्गत संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाण्डौको मातहतमा सडक डिभिजन चन्द्रनिगाहपुर रहेको छ ।

## संगठन तथा दरबन्दी संरचनाः

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन चन्द्रनिगाहपुर, रौतहट

डिभिजन प्रमुख
(रा.प.दृतिय प्रा. ने.इ./सिभिल/हाइवे)-१

**प्राविधिक शाखा**

इन्जिनियर (रा.प.तृ.प्रा. ने.इ./सिभिल/हाइवे)-५
सव-इन्जिनियर (रा.प.अनं.प्र.प्रा. ने.इ./सिभिल/हाइवे)-१२
ल्याब असिस्टेन्ट (रा.प.अनं.दृ.प्रा. ने.इ./सिभिल/हाइवे)-१

**प्रशासन/स्टोर शाखा**

नायब सुब्बा (रा.प.अनं.प्र. ने.प्र./सा.प्र.)-१
कम्प्युटर अपरेटर (रा.प.अनं.प्र. ने.प्र./विविध)-१
हलुका सवारी चालक (श्रेणी विहिन)-३
कार्यालय सहयोगी (श्रेणी बिहिन)-३

**आर्थिक प्रशासन शाखा**

लेखा अधिकृत (रा.प.तृ. ने.प्र./लेखा)-१
लेखापाल (रा.प.अनं.प्र. ने.प्र./लेखा)-१

## २ कार्यालयको काम, कर्तव्य र अधिकार

- सर्लाही र रौतहट जिल्लाभित्र रहेका राष्ट्रिय राजमार्ग/सहायक राजमार्ग र पुलहरुको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत संभार ।
- कार्यक्षेत्रभित्रका राजमार्गहरुमा यातायातलाई निर्वाध रुपमा संचालन गर्नको लागि आवश्यक सहजीकरण गर्ने ।
- राष्ट्रिय राजमार्गहरुको स्तरोन्नति तथा पुनर्स्थापनाका कार्यहरु गर्ने ।
- राजमार्गमा रहेका पुलहरुमा ट्राफिक सुरक्षाका लागि आवश्यक संरचना तथा पूर्वाधारहरु तयार गर्ने ।
- क्षेत्राधिकारभित्रका राजमार्गहरुमा फिलिङ्ग स्टेशन स्थापना, प्रवेश द्वार/स्वागत द्वार र सालिक स्थापना गर्न लगायतका अन्य संरचना निर्माण गर्न प्रारम्भिक तथा अन्तिम स्वीकृतिको लागि आवश्यक सिफारिस गर्ने ।
- राजपत्रमा प्रकाशन भए बमोजिम यस डिभिजन अन्तर्गत रहेका राष्ट्रिय राजमार्गहरुको सडक सीमा (Right of Way) संरक्षण गर्ने तथा अतिक्रमण हटाउने ।
- नेपाल सरकारद्वारा स्वीकृत कार्यक्रम अनुसार राष्ट्रिय राजमार्ग बाहेकका अन्य सडक र स्थानीय सडक पुलहरुको निर्माण गर्ने ।
- नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागले तोके बमोजिमका अन्य कार्यहरु ।
- सडक डिभिजनको क्षेत्राधिकार भित्र पर्ने राष्ट्रिय राजमार्गहरुमा विभिन्न Public Utilities हरुको निर्माण

मर्मत कार्यको लागि नियमानुसार लाग्ने दस्तुर लिई उक्त कार्यको लागि स्वीकृति दिने |

## ३ कार्यरत कर्मचारी संख्या र कार्य विवरण

नेपाल सरकारको मिति २०७८।०१।२३ को निर्णय बमोजिम स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) अनुसार कार्यालयको कर्मचारी संख्या देहाय बमोजिम रहेको छ ।

सडक डिभिजन चन्द्रनिगाहपुरको दरबन्दी तेरिज

| सि नं | पदको नाम | श्रेणी तह | दरबन्दी संख्या | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|
| १ | डिभिजन प्रमुख | रा.प.दृतिय(प्रा) | १ | १ | |
| २ | इन्जिनियर | रा.प.तृ. (प्रा) | ५ | ५ | |
| ३ | लेखा अधिकृत | रा.प.तृ. (लेखा) | १ | १ | |
| ४ | सब इन्जिनियर | रा.प.अनं.प्र. (प्रा.) | १२ | १२ | |
| ५ | नायब सुब्बा | रा.प.अनं.प्र. (प्र.) | १ | १ | |
| ६ | लेखापाल | रा.प.अनं.प्र. (लेखा) | १ | १ | |
| ७ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. (विविध) | १ | १ | |
| ८ | ल्याब असिस्टेन्ट | रा.प.अनं.दृतिय (प्रा.) | १ | १ | करार नियुक्ति |
| ९ | हलुका सवारी चालक | श्रेणी बिहिन | ३ | २ | १ जना सेवा निवृत्त, २ जना करार नियुक्ति |
| १० | कार्यालय सहयोगी | श्रेणी बिहिन | ३ | ३ | करार |
| | जम्मा | | २९ | २८ | |

## ४ कार्यालयबाट प्रदान गरिने सेवा

यस कार्यालयको कार्यक्षेत्रभित्र देहाय बमोजिमको राष्ट्रिय राजमार्ग अन्तर्गत सडक तथा पुलहरुको

नियमित पटके, आकस्मिक मर्मत संभार, ट्राफिक सुरक्षा, स्तरोन्नति र पुनर्स्थापना कार्यहरु तथा नेपाल सरकारबाट तोकिएको अन्य सडक तथा पुलहरुको निर्माण कार्यहरु लगायत संलग्न नागरिक वडापत्रमा उल्लेख गरिएका सेवा तथा कार्यहरु

राष्ट्रिय राजमार्गहरु

| सि नं | राजमार्गको नाम | राजमार्गको खण्ड | चेनेज | लम्बाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूर्व पश्चिम राजमार्ग (NH01) | बाँके खोला पुल देखि धन्सार खोला पुल सम्म (रौतहट जिल्ला) | २८२+००० देखि ३३९+५०० सम्म | ५७.५ कि.मि. | |
| २ | हुलाकी राजमार्ग (NH05) | छतौना भुटाहीटोला कचोरवा सडक (रौतहट जिल्ला खण्ड) | ३०५+०६० देखि ३२४+१७० सम्म | १९.११ कि.मि. | |
| ३ | चन्द्रपुर गौर सडक (NH 36) | पूर्व पश्चिम राजमार्गको चन्द्रपुर देखि रौतहट जिल्लाको सदरमुकाम गौर, भारतीय सीमा सम्म | ०+००० देखि ०४५+४४० सम्म | ४५.४४ कि.मि. | |
| ४ | नवलपुर मलंगवा सडक (NH32) | पूर्व पश्चिम राजमार्गको नवलपुर देखि सर्लाही जिल्लाको सदरमुकाम मलंगवा, भारतीय सीमा सम्म | ०+००० देखि ०२९+१९० सम्म | २९.१९ कि.मि. | |
| ५ | नयाँरोड बरहथवा सडक (F117) | पूर्व पश्चिम राजमार्गको नयाँरोड़ देखि सर्लाही जिल्लाको मधुवन, भारतीय सीमा सम्म | ०+००० देखि ०४२+००० सम्म | ४२ कि.मि. | |

रातो किताब मार्फत स्वीकृत भइ आएका वार्षिक कार्यक्रम अनुसार चालु आ.व.मानिर्माण भैरहेका कार्यक्रमहरु

| | | |
|---|---|---|
| १ | स्थानीय सडक पुलहरु | रौतहट र सर्लाही जिल्ला भित्र १५ वटा पुल निर्माणाधीन अवस्थामा रहेकोमा आ.व. ०८२/८३ मा २ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ। |
| २ | रणनैतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | रौतहट जिल्ला भित्र १ वटा पुल निर्माणाधीन अवस्थामा रहेको छ । |
| ३ | निर्वाचन क्षेत्र रणनैतिक सडक | रौतहट र सर्लाही जिल्ला भित्र पर्ने ८ वटा निर्वाचन क्षेत्र रणनीतिक सडकमा कालोपत्रे निर्माणको काम भैरहेकोमा ७ वटा निर्वाचन क्षेत्र रणनीतिक सडक निर्माण कार्य आ.व. ०८२/८३ मा सम्पन्न भइ १ वटा बाँकी रहेको छ । |
| ४ | वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | रौतहट र सर्लाही जिल्ला भित्र बहुवर्षीय श्रोत सहमती प्राप्त ३ वटा योजना तथा सालबसाली योजनाहरु मार्फत सडक कालोपत्रे निर्माण भैरहेको छ। |

# नागरिक वडापत्र

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाण्डौ

# सडक डिभिजन चन्द्रनिगाहपुर

रौतहट

## नागरिक वडापत्र

Email:drochandranigahapur@gmail.com

| क.स. | सेवाको विवरण | कोठा नं | सम्बन्धित शाखा | आवश्यक कागजातहरु/प्रमाणहरु | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | निर्माण तथा मर्मत सम्बन्धि कार्य | २०२ | प्राविधिक शाखा | इन्जिनियर / सब-इन्जिनियरले तोके बमोजिमका कागजात पेश गर्ने | प्राविधिकसँग छलफल भए अनुसार | कार्यको प्रकृति हेरी ऐन तथा नियमावलीमा तोकिए बमोजिम | सूचना अधिकारी / सम्बन्धित इन्जिनियर/डिभिजन प्रमुख | |
| २. | सडक खन्ने स्वीकृति | २०२/१०१ | प्राविधिक शाखा/ प्रशासन शाखा | १. सरोकारवाला वा सम्बन्धितको निवेदन<br>२. सडक खन्नुपर्ने स्थानको नक्सा<br>३. खानेपानी संस्थान वा उपभोक्ता समिति / विद्युत प्राधिकरण / नेपाल टेलिकम कुनै वा सबैको सिफारिस (खानेपानी टेलिफोन र विद्युतिय तार जडान भएकोमा)<br>४. सम्बन्धित नगरपालिका वा गाँउपालिका वा सम्बन्धित वडा कार्यालयको सिफारिस | प्रकृया पुरा भए पश्चात सोहीदिन वा सोको भोलिपल्ट | निवेदनका साथ रु.१० को टिकट टाँस गर्नुपर्ने प्राविधिक मुल्याङ्कन बमोजिम लाग्ने शुल्क | सूचना अधिकारी / सम्बन्धित इन्जिनियर/डिभिजन प्रमुख | असार,साउन र भाद्र महिनामा स्वीकृति दिइने छैन। |
| ३. | प्रयोगशाला सम्बन्धी कार्य (Lab Test) | ४०१ | ल्याब शाखा | १. Standard Specification for Road and Bridges बमोजिम तोकिएको निर्माण सँग सम्बन्धित निर्माण सामग्रीहरुको Sampleउपलब्ध गराउने | Standard Specification for Road and Bridges बमोजिम तोकिए अनुसारको समयावधि | सडक विभागबाट तोकिए बमोजिम | सूचना अधिकारी / सम्बन्धित इन्जिनियर/डिभिजन प्रमुख | |
| ४. | ठेक्का बन्दोबस्त सम्बन्धी कार्य | २०३/२०४ | प्राविधिक शाखा / आर्थिक प्रशासन शाखा | १. सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४को व्यवस्था बमोजिम<br>२.ठेक्का आव्हानको सूचनामा माग गरे बमोजिम | प्रकृया पुरा भए पश्चात सोहीदिन वा सोको भोलिपल्ट | प्रचलित ऐन, नियमावली बमोजिम | खरिद एकाई प्रमुख/लेखा अधिकृत /डिभिजन प्रमुख | |
| ५. | सडक छेउमा पेट्रोल पम्प, एल.पि.ग्यास स्टेशन, प्रवेशद्वार, स्वागतद्वार, सालिक निर्माण गर्न सहमति दिने सम्बन्धी कार्य | २०२/२०३ | प्राविधिक शाखा / प्रशासन शाखा | १. सिफारिसको लागि सम्बन्धितको निवेदन<br>२. जग्गाधनिको सक्कल नागरिकता र सोको प्रतिलिपि<br>३. जग्गाधनि पुर्जा र सोको प्रतिलिपि<br>४. तिरो तिरेको सक्कल रसिद र सोको प्रतिलिपि<br>५. जग्गाको हालसालको नक्सा<br>६. वाणिज्य कार्यालय वा घरेलु कार्यालय वा कम्पनी रजिष्ट्रारको कार्यालयको दर्ता प्रमाणपत्र र सोको प्रतिलिपि<br>७. आन्तरिक राजस्व विभाग वा कार्यालयमा दर्ता भएको प्रमाण पत्र र सोको प्रतिलिपि<br>८. सम्बन्धित नगरपालिका/गाउँपालिकाका वडा कार्यालयको सिफारिस पत्र र सोको प्रतिलिपि<br>९. सम्बन्धित क्षेत्र अन्तर्गतको ट्राफिक कार्यालयको सिफारिस<br>१०.नेपाल विद्युत प्राधिकरणको सिफारिस<br>११.स्वीकृत मापदण्ड अनुसारको नक्सा र डिजाईन | कागजात पुरा भई निवेदन पेश भएको ७ दिनभित्र प्राविधिक प्रतिवेदन सहित स्वीकृतिका लागि पठाउने सो स्वीकृत भई आएको भोलिपल्ट | निवेदनका साथ रु.१० को टिकट टाँस गर्नुपर्ने दस्तुर नलाग्ने | सूचना अधिकारी / सम्बन्धित इन्जिनियर/डिभिजन प्रमुख | |
| ६. | मुआब्जा प्राप्त गर्ने सम्बन्धि | १०१/२०४ | प्रशासन शाखा / आर्थिक प्रशासन शाखा | १. जग्गाधनिको निवेदन<br>२. जग्गाधनिको सक्कल नागरिकता र सोको प्रतिलिपि<br>३. जग्गाधनि पुर्जा, प्रमाणित नक्सा र सोको प्रतिलिपि<br>४. तिरो तिरेको सक्कल रसिद र सोको प्रतिलिपि<br>५. मालपोत कार्यालयमा जग्गा रोक्का भएको प्रमाणपत्र सावै मुल्य कायम भएको प्रमाणित कागजात<br>६. जग्गाधनिको मृत्यु भईसकेको भएमा नजिकको हकवालाको हक जनाउने नाता प्रमाणित सक्कल प्रति र सोको प्रतिलिपि<br>७. जग्गाधनिको मृत्यु भईसकेको भए मृत्युदर्ता प्रमाणपत्र र सोको प्रतिलिपि | बजेट व्यवस्था भएकोमा ७ दिनभित्र वा बजेट व्यवस्था नभएकोमा बजेट व्यवस्था भएपछि तोकिएका कागजात पुरा भएपछि | निवेदनका साथ रु.१० को टिकट टाँस गर्नुपर्ने दस्तुर नलाग्ने | सूचना अधिकारी /लेखा अधिकृत /डिभिजन प्रमुख | |
| ७. | सडकमा परेको जग्गा रोक्का रहेकोमा फुकुवा सम्बन्धि | १०१/२०४ | प्रशासन शाखा / आर्थिक प्रशासन शाखा | १. जग्गाधनिको फुकुवा माग गरेको निवेदन<br>२. जग्गाधनिको सक्कल नागरिकता र सोको प्रतिलिपि<br>३. जग्गाधनि पुर्जा, प्रमाणित नक्सा र सोको प्रतिलिपि<br>४. तिरो तिरेको सक्कल रसिद र सोको प्रतिलिपि<br>५. जग्गा रोक्का फुकुवा भएको निर्णय वा आदेश वा जानकारी सम्बन्धी कागजात<br>६. जग्गाधनिको मृत्यु भईसकेको भएमा नजिकको हकवालाको हक जनाउने नाताप्रमाणित सक्कल प्रति र सोको प्रतिलिपि<br>७. जग्गाधनिको मृत्यु भईसकेको भए मृत्युदर्ता प्रमाणपत्र र सोको प्रतिलिपि | जग्गा एकिन भएकोमा सोही दिन / जग्गा एकिन नभएकोमा नापी कार्यालयबाट एकिन भई आए सोको भोलिपल्ट | निवेदनका साथ रु.१० को टिकट टाँस गर्नुपर्ने दस्तुर नलाग्ने | सूचना अधिकारी / सम्बन्धित इन्जिनियर/डिभिजन प्रमुख | |
| ८. | धरौटी फिर्ता | २०४ | आर्थिक प्रशासन शाखा | १. धरौटी फिर्ता लिने आधिकारिक व्यक्ति वा संस्थाको निवेदन<br>२. धरौटी फिर्ता लिने आधिकारिकव्यक्ति वा संस्थाको नागरिकता वा प्रमाणपत्रको प्रतिलिपि<br>३. धरौटी राखेको सक्कल बैंक भौचर<br>४.ठेक्काको सम्झौता बमोजिम त्रुटी सच्याउने अवधि समाप्त भएपछिको कार्यसम्पन्न प्रतिवेदन<br>५. बैंक जमानत पेश गरी धरौटी फिर्ता लिन चाहेमा निर्माण कार्य सम्बन्धि प्रगतिको प्राविधिक प्रतिवेदन<br>६. राजस्व कार्यालयबाट जारी मु.अ.कर समायोजन पत्र<br>७. अद्यावधिक कर चुक्ता प्रमाणपत्र | प्रकृया पुरा भए पश्चात निवेदन प्राप्त भएको ७ दिन भित्र | प्रचलित ऐन, नियमावली बमोजिम | लेखा अधिकृत /डिभिजन प्रमुख | |
| ९. | बैंक जमानत फुकुवा | २०४ | आर्थिक प्रशासन शाखा | १. बिड बण्ड फुकुवाको लागि सम्बन्धित निर्माण व्यवसायी वा अधिकारिक व्यक्तिको निवेदन<br>२. बैंकबाट कार्यालयको नाममा जारी सक्कल बैंक जमानतपत्र<br>३. कार्यसम्पादन जमानत बैंक ग्यारेन्टी फुकुवा माग भए ठेक्का सम्झौताको त्रुटी सच्याउने अवधि समाप्त भएको कार्य सम्पन्न प्राविधिक प्रतिवेदन ।<br>४. अग्रीम भुक्तानी बैंक जमानत फुकुवाको लागि पेश्की फछ्र्यौट भईसकेको हुनुपर्ने ।<br>५. रिटेन्सन मनी बैंक ग्यारेन्टी फुकुवाको लागि ठेक्का सम्झौताको त्रुटी सच्याउने अवधि समाप्त भएको कार्य सम्पन्न प्राविधिक प्रतिवेदन साथै राजस्व कार्यालयबाट जारी मु.अ.कर समायोजन पत्र। | प्रकृया पुरा भए पश्चात निवेदन प्राप्त भएको ७ दिन भित्र | प्रचलित ऐन, नियमावली बमोजिम | लेखा अधिकृत /डिभिजन प्रमुख | |
| १०. | सूचनाको हक सम्बन्धीजानकारी | २०२ | सूचना अधिकारी | प्रचलित ऐन कानून बमोजिम सार्वजनिक गर्न मिल्ने सूचना माग गरेको निवेदन | सूचनाको प्रकृति अनुसार | प्रचलित ऐन, नियमावली बमोजिम | सूचना अधिकारी / /डिभिजन प्रमुख | |
| ११. | प्रशासन, जिन्सी,दर्ता चलानी | १०१ | प्रशासन शाखा | रितपुर्वक प्राप्त निवेदन / कागजातहरु | सोही दिन | निशुल्क | प्रशासन शाखा प्रमुख/डिभिजन प्रमुख | |

**५ सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

- नागरिक वडापत्रमा उल्लेख भए बमोजिम ।
- अन्य प्रचलित कानूनले तोके बमोजिमको शाखा र अधिकारी।

**६ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

- नागरिक वडापत्रमा उल्लेख भए बमोजिम ।
- अन्य प्रचलित कानूनले तोके बमोजिमको दस्तुर र अवधि ।

**७ निर्णय गर्ने प्रक्रिया र अधिकारी**

- डिभिजनबाट सम्पादन हुने सेवा तथा काम कारवाहीहरु सम्बन्धित ऐन/नियममा तोकिए बमोजिमको प्रकृया पूरा गरिए पश्चात् सोही बमोजिम तोकिएको अधिकारी/निकायबाट हुने

**८ निर्णय उपर उजुरी सुन्ने अधिकारी**

- नागरिक वडापत्रमा उल्लेख भए बमोजिम ।
- अन्य प्रचलित कानूनले तोके बमोजिमको अधिकारी ।

**९ सम्पादन गरेको कामको विवरण**

आ.व. २०८०/८१ मा डिभिजनबाट सम्पादन गरिएका कार्यहरु

| राष्ट्रिय राजमार्गहरुको मर्मत सम्भार | राष्ट्रिय राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना Km, | यस आ.व. सम्ममा सम्पन्न भएका पुलहरुको संख्या | क्रमागत रहेका पुलहरुको संख्या | कैफियत |
|---|---|---|---|---|
| १.म.रा.मा. बाँके धन्सार सडक,<br>२.चन्द्रपुर गौर सडक,<br>३. नवलपुर मलंगवा सडक,<br>४. नयारोड़ बरहथवा मधुवन सडक | चन्द्रपुर गौर सडकको चेनेज ०+००० देखी १+६०० सम्म ४ लेन सडक स्तरोन्नतिको काम भएको | ३४ | १७ | |

## आ.व. २०८१/८२ मा डिभिजनबाट सम्पादन गरिएका कार्यहरु

| राष्ट्रिय राजमार्गहरुको मर्मत सम्भार Sqm | राष्ट्रिय राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना Km, | नयाँ कालोपत्रे/Rigid Pavement सडक निर्माण Km | सम्पन्न भएका पुलहरुको संख्या | क्रमागत रहेका पुलहरुको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| विभिन्न राष्ट्रिय राजमार्ग मर्मत कार्य १५३५० व.मी. | चन्द्रपुर गौर सडकको चेनेज २५+४४० देखी ४१+८०० सम्म ४ लेन सडक स्तरोन्नतिको काम भैरहेको | ४३.४५ | ३ | १५ | |

## आ व २०८२/८३ को वार्षिक तथा चौथो त्रैमासिकसम्म डिभिजनबाट सम्पादन गरिएका कार्यहरु

| त्रैमासिक | राष्ट्रिय राजमार्ग मर्मत Sqm | राष्ट्रिय राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना Km, | नयाँ कालोपत्रे/Rigid Pavement सडक निर्माण Km | यस आ.व. मा सम्पन्न भएका पुलहरुको संख्या | क्रमागत रहेका पुलहरुको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| प्रथम त्रैमासिक | ३२६५ व.मि. | चन्द्रपुर गौर सडकको चेनेज २५+४४० देखी ४१+८०० सम्म ४ लेन सडक स्तरोन्नतिको काम भैरहेको जस मध्ये Culvert :- ३७ वटा Drain: - ९.१ कि.मि. निर्माण कार्य सम्पन्न | ५.६५ | १ | १५ | |
| दोश्रो त्रैमासिक | ३५६४३ व.मि. | | २.८० | ० | १४ | |
| तेश्रो त्रैमासिक | ८२५२ व.मि. | | ४.६० | ० | १४ | |
| चौथो त्रैमासिक | ९०३५ व.मि. | | १६.२३ | १ | १३ | |
| **कुल जम्मा** | **५६१९४ व.मि.** | | **२९.२८** | **२** | **१३** | |
| सर्लाही तर्फ जम्मा | ४१६५८ व.मि. | | १६.७२ | १ | २ | |
| रौतहट तर्फ जम्मा | १४५३६ व.मि. | | १२.५७ | १ | ११ | |

## १० कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

| दर्जा | नाम थर | सम्पर्क | Web site |
|---|---|---|---|
| डिभिजन प्रमुख | ई.अरुण कुमार लाल कर्ण | ९८५५०४७६६७ | www.dor.gov.np/chandranigahpur |
| सूचना अधिकारी | संजय कुमार यादव | ९८५५०४१६६४ | |

## ११ ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

I. सार्वजनिक सडक ऐन २०३१
II. सार्वजनिक खरीद ऐन २०६३
III. सार्वजनिक खरीद नियमावली २०६४ संशोधन सहित
IV. सवारी तथा यातायात व्यवस्था ऐन २०४९
V. वातावरण संरक्षण ऐन २०७६ तथा वातारण संरक्षण नियमावली २०७७
VI. जग्गा प्राप्ति ऐन २०३४
VII. Nepal Road Standard 2077
VIII. Standard Specification for Roads & Bridges 2070 with amendment
IX. Road Board Act 2059
X. National Transport Policy
XI. The Department of Road Strategy 1997
XII. Nepal Feeder Roads Standard 1997
XIII. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी ऐन २०७६
XIV. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायी नियमावली २०७७

## १२ आम्दानी, खर्च र आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

आ.व. ०८२/८३ चौथो त्रैमासिक सम्मको खर्च विवरण (रकम रु. करोडमा)

| सि नं | बजेट उपशीर्षक | कार्यक्रमको नाम | बार्षिक बजेट बिनियोजन | प्रथम त्रैमासिक को खर्च | दोश्रो त्रैमासिक को खर्च | तेश्रो त्रैमासिको खर्च | चौथो त्रैमासिक को खर्च | हाल सम्म को खर्च | खर्च प्रतिशत | सर्लाही तर्फको जम्मा खर्च | रौतहट तर्फको जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३३७०११२२ | स्थानीय सडक पुल निर्माण | १५.७५ | ०.४९ | २.१८ | १.५८ | ५.३८ | ९.६३ | ६१.१४ | १.२३ | ८.४० |
| २ | ३३७०११३२ | रणनैतिक सडक तथा पुल निर्माण | ११.०३ | ० | १.९९ | ०.०४ | ६.५९ | ८.६२ | ७८.१५ | ० | ८.६२ |
| ३ | ३३७०११३६ | सडक तथा ट्राफिक सुरक्षा | ०.२५ | ० | ०.१९ | ०.००६ | ०.०५ | ०.२४ | ९६. | ०.२४ | ० |
| ४ | ३३७०११३८ | राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम | ३२.२ | ६.६८ | ५. | ७.५७ | ११.५७ | ३०.८२ | ९५.७१ | ०.५ | ३०.३२ |
| ५ | ३३७०११६९ | बैकल्पिक सहायक राजमार्ग | २७.४४ | ०.५४ | ५.४४ | ७.४८ | ८.७१ | २२.१७ | ८०.७९ | १२.३६ | ९.८१ |
| ६ | ३३७०११७६ | निर्वाचन क्षेत्र रणनीतिक सडक | ३६.८७ | २.३४ | ८.४६ | ३.५१ | ११.७८ | २६.०९ | ७०.७६ | १२.८५ | १३.२४ |
| ७ | ३३७३१०११३ | सडक बोर्ड कार्यक्रम (पटके र आकस्मिक तर्फ) | ६.३३ | ०.४३ | १.३ | ०.८२ | २.२३ | ४.७८ | ७५.५१ | ३.१० | १.६७ |
| ८ | ३३७०१०१२४ | सडक डिभिजन कार्यालयहरु | ०.२५ | ० | ०.१४ | ०.०३ | ०.०४ | ०.२१ | ८४ | ० | ०.२२ |
| | | **कुल जम्मा** | १३०.१२ | १०.४८ | २४.७ | २१.०४ | ४६.३५ | १०२.५६ | ७८.८२ | ३०.२९ | ७२.२८ |

## १३ तोकिए बमोजिमका अन्य विवरण

- राष्ट्रिय राजमार्गहरुको सडक सिमा नक्शांकन बमोजिम लगतकट्टा गरी धनीपुर्जा लिने ।
- संघीय सरकार मातहतका राष्ट्रिय राजमार्गहरुमा Filling Stationसम्बन्धी कार्यहरु ।
- ल्याब शाखाको भवन तयार गरी प्रयोगशाला पूर्ण रुपमा संचालनमा ल्याइएको ।

## १४ सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण

https://dor.gov.np/chandranigahapur

## १५ सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

नेपाल सरकारबाट विभिन्न कार्यक्रममा सुरु बिनियोजित बजेट रकम रु. ९७ करोड ४९ लाख रहेकोमा निर्माण कार्यको प्रगति अनुसार विभिन्न कार्यक्रममा आन्तरिक रकमान्तर तथा थप बजेट गरी जम्मा बजेट रकम रु. १ अर्ब ३१ करोड ५४ लाख कायम भएको । आ.व. ०८२/८३ मा विभिन्न ब.उ.शि.नं. गरेर जम्मा २४ वटा ठेक्कापट्टा व्यवस्थापन भइ कार्यान्वयन भएकोमा चालु आ.व.मा १६ वटा सम्पन्न भएको छ । गत विगत आ.व.मा ठेक्का व्यवस्थापन भइ कार्यन्वयनमा रहेका ठेक्काहरु मध्ये ब.उ.शि.नं. ३३७०११७६ अन्तर्गतको ७ वटा ठेक्का यसै आ.व.मा सम्पन्न भएको छ ।

## १६ आर्थिक वर्ष ०८२/८३ सम्ममा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण

| सि नं | बजेट उपशीर्षक | कम्पोनेन्ट/योजनाको नाम | कार्यक्षेत्र जिल्ला | सम्पन्न ठेक्का संख्या | चालु ठेक्का संख्या |
|---|---|---|---|---|---|
| १. | ३३७३१०११३ | स्वीकृत वार्षिक कार्यक्रम बमोजिम यस डिभिजन मातहत पर्ने राष्ट्रिय राजमार्गहरुको ११ वटा योजनाहरु | सर्लाही र रौतहट | ९ | २ |
| २ | ३३७०११६९ | रातो किताबमा समावेश भएका विभिन्न कम्पोनेन्ट तथा क्रमागत योजनाहरु १६ वटा | सर्लाही र रौतहट | ८ | ८ |
| ३ | ३३७०११७६ | रातो किताबमा समावेश भएका विभिन्न कम्पोनेन्ट तथा क्रमागत योजनाहरु ८ वटा | सर्लाही र रौतहट | ७ | १ |
| ४ | ३३७०११३८ | रातो किताबमा समावेश भएका विभिन्न कम्पोनेन्ट तथा क्रमागत योजनाहरु ६ वटा | सर्लाही र रौतहट | ४ | २ |
| ५ | ३३७०११३६ | रातो किताबमा समावेश भएका विभिन्न कम्पोनेन्ट तथा योजनाहरु २ वटा | सर्लाही र रौतहट | १ | ० |
| ६ | ३३७०११२२ | रातो किताबमा समावेश भएका विभिन्न कम्पोनेन्ट तथा क्रमागत योजनाहरु १९ वटा | सर्लाही र रौतहट | ३ | १५ |
| ७. | ३३७०११३२ | रातो किताबमा समावेश भएका विभिन्न कम्पोनेन्ट तथा क्रमागत योजनाहरु २ वटा | सर्लाही र रौतहट | ० | २ |
| | | जम्मा | | ३२ | ३० |

## १७ चालु आ.व. ०८२/८३ मा खरिद सम्झौता अन्त्य गरिएका ठेक्काहरुको विवरण

| सि नं | बजेट उपशिर्षक | योजनाको नाम | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | अन्त्य गरिएको मिति |
|---|---|---|---|---|---|
| १ | ३३७०११३६ | म.रा.मा. बाँके धन्सार सडक खण्ड, सर्लाही र रौतहट | RDCNP/33701136-079/80-45 | मा बौधी कन्स्ट्रक्सन, कटहरिया-२, रौतहट | २०८२-१२-०३ |
| २ | ३३७०११२२ | लालबन्दी न.पा.-३ जब्दी र इश्वरपुर जोड्ने झिम खोलाको उत्तरपट्टी रहेको डोरा खोलामा कल्भर्ट निर्माण, सर्लाही | RDCNP/33701122-079/80-44 | गढ़िमाई रिया कन्स्ट्रक्सन, कटहरिया-२, रौतहट | २०८३-०३-१९ |
| ३ | ३३७०११७६ | धन्सार कटहरिया कर्कच सडक, रौतहट (जंगलसैया र गोनाहीमा) नाला निर्माणको काम | RDCNP/33701176-079/80-43 | मा बौधी कन्स्ट्रक्सन, कटहरिया-२, रौतहट | २०८३-०३-१९ |

## १८ सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

डिभिजनबाट वर्गीकरण तथा संरक्षण गरिएको सूचना नरहेको ।

## १९ सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

यस आ.व. को चौथो त्रैमासिकमा कुनै सूचना माग सम्बन्धी निवेदन नआएको ।

## २० सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

सार्वजनिक खरीद कार्यहरुको सूचना प्रचलित कानून बमोजिम प्रकाशन गर्ने गरिएको ।